Volume 3

# Annex 3.23c: News cut students supporting AAMAGHAR

# TULKII KHABAR

आज लक्ष्मि पुजाको अवसर पारेर मध्य पश्चिम विश्व बिधालय स्कुल अफ म्यानेजमेन्ट (मुसोम) ले विश्व बिधालय - समुदाय विस्तारित कार्यक्रम अन्तर्गत प्रदेश सुशासन केन्द्र भित्र रहेका बाढी पिडित परिवारहरुलाई भोजन तथा राहत बितरन कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा त्यहा रहेका १७ घर परिवारलाई चामल, दाल, नुन र तेल बितरन गरियो र त्यहा रहेका १०८ जना बाढी पिडितहरु लाई खाना पकाएर खुवाइयो।



उक्त कार्यक्रममा बिश्व बिधालयका उपकुलपति प्रा. डा. नन्द बहादुर सिंह को प्रमुख अतिथीयतामा राहत बितरन गरिएको छ। कार्यक्रममा बोल्दै सिंहले भन्नृ भयो बिश्व बिधालय समाजको अपन्तो हुने खाल्को हुनु पर्छ र गरिब जनताहरुको विषयमा बोल्ने हुनु पर्छ र आज मुसोमको विद्यार्थीहरुले यो विषयमा बोल्न सफल भएको बताउनु भयो। बिश्व बिधालय सधै समुदाय संगै रहेर काम गर्ने भनेर उहाँले बताउनु भयो।



साथै उक्त कार्यक्रममा मुसोमका डाइरेक्टर डा. सुशील शाहीले अब मुसोम का विद्यार्थीहरुले समाजमा रहेका समस्याहरुको खोज तथा अनुसन्धान गर्ने र यस


विश्वविद्यालय–समुदाय विस्तारित कार्यक्रम अन्तर्गत
बादी पिडित परिवारलाई भोजन तथा
राहत वितरण कार्यक्रम
मिति : २०७७ कार्तिक २९ गते
स्थान : प्रदेश सुशासन केन्द्र, वीरेन्द्रनगर, सुर्खेत
आयोजक
मध्यपश्चिमाञ्चल विश्वविद्यालय
स्कूल अफ म्यानेजमेन्ट (मुसोम)


राहत वितरण कार्यक्रम
आयोजक

# आमाघरलाई मुसुमको सहयोग

● **साझा बिसौनी संवाददाता**
**सुर्खेत**, ६ पुस ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्ट (मुसुमले) सुर्खेतले आमाघरमा रहेका बालबालिकाहरूलाई सहयोग गरेको छ । आमाघरको आश्रयमा रहेका आठ जना बालबालिकाहरूलाई ज्याकेट र खाद्यान्न सहयोग गरिएको मुसुम विद्यार्थी कल्याण परिषद्का वीरेन्द्रविक्रम लामाले बताए ।

आइतवार मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्कूल अफ म्यानेजमेन्टका निर्देशक डा. सुशीलकुमार शाहीले सामग्री हस्तान्तरण गरेका हुन् । आमाघरका प्रतिनिधि अनिल ढकाललाई सामग्री हस्तान्तरण गरिएको हो ।

सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै निर्देशक शाहीले विश्वविद्यालयले अध्यापनको मात्रै काम नगरी सामाजिक सेवाको समेत काम गर्ने बताए । उनले अझै पनि समाजमा गरिबीमा पिल्सिएको बस्तीमा गई प्राथमिक स्वास्थ्य शिविरहरू सञ्चालनमा ल्याउने उद्देश्य बोकेको जानकारी दिए ।

त्यस्तै आमाघरका अनिल ढकालले नशा सेवन गरी सडकमा आतङ्क मच्चाउँदै हिँडेका बालकहरूलाई संरक्षणमा राखेको भए पनि सरकारको तर्फबाट कुनै सहयोग नपाएको बताए । उनले अझै पनि वीरेन्द्रनगरको सडकमा ६० देखि ७० को हाराहारीमा बालबालिकाहरू रहेको बताए । लागुऔषध प्रयोग गर्ने युवाहरूले बालकहरूलाई आर्थिक संकलनमा प्रयोग गरेको पाइएको उनले बताए । यसमा सबै सचेत हुनुपर्ने उनको भनाइ छ ।

